अनुसूची ३

# सन् २०२२ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

## नेपाली कांग्रेस

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा विगतका वर्षहरूसरह यस वर्ष पनि मुलुकको वर्षभरिको मानव अधिकार अवस्थाको विश्लेषण गरी 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२' प्रकाशन गर्न लागेकोमा नेपाली कांग्रेस खुशी व्यक्त गर्दछ। सन् २०२२ मा मुलुकमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई समेटी प्रकाशोन्मुख वर्ष पुस्तकले निष्पक्ष तवरले विश्लेषण गरी सम्पूर्ण घटनाक्रमहरूलाई सङ्ग्रहित गर्न सफल हुनेछ भन्ने नेपाली कांग्रेसले विश्वास लिएको छ।

सन् २०२२ को मुलुकको मानव अधिकारको अवस्थाका बारेमा नेपाली कांग्रेसको अवधारणा सङ्क्षेपमा:

सन् २०२२ को नेपालको मानव अधिकारको अवस्थाका बारेमा टिप्पणी गर्दा, जेठ २, २०७९ नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिकामा सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् मतगणनास्थलमा घलेभञ्ज्याङगमा मतगणनाका क्रममा नेकपा (माओवादी) केन्द्रका अध्यक्ष पदका उम्मेदवार एवम् निवर्तमान गाउँपालिका अध्यक्ष तेजबहादुर तामाङ (रमेश) को नेतृत्वको समूहले नेपाली कांग्रेसको क्षेत्रीय सचिव जगदिश कुँइकेल, जगदिश फुयाँल, सुवर्ण तामाङ, राजन पाण्डे, सुजन थापा, सुशील थापा, निरज भण्डारी र विजय थापालगायत दर्जनौं कार्यकर्तामाथि कुटपिट गरी गम्भीर घाइते बनाएको घटनाप्रति नेपाली कांग्रेस यस वर्षको गम्भीर मानव अधिकार उल्लङ्घनको घटना सम्झन्छ।

यो अवधिमा प्रजातान्त्रिक गठबन्धनको सरकारको नेतृत्व नेपाली कांग्रेसले गरिरहेको हुँदा नेपालको संविधानमा व्यवस्था भएका कार्यक्षेत्र-कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले आ-आफ्नो कार्यक्षेत्रभित्र सक्रिय रहेकाले मानव अधिकार उल्लङ्घनका घटना, संविधान विरोधी हस्तक्षेपहरू न्यूनीकरण भएका छन्।

**कृष्णप्रसाद पौडेल**
मुख्य सचिव

## नेकपा (एमाले)

देशमा विद्यमान सबै खालका विभेद र असमानताहरूको अन्त्य गर्दै संविधानप्रदत्त हक अधिकारको संरक्षण र प्रवर्द्धन गरी मानव अधिकारमैत्री शासन व्यवस्था सुनिश्चित गर्न नेकपा (एमाले) क्रियाशील रहेको छ। जनताको बहुदलीय जनवादले लोकतन्त्र, सामाजिक न्याय र मानव अधिकार संरक्षण तथा र प्रवर्द्धनको अभियानलाई नेतृत्व प्रदान गरेको छ।

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको प्रारम्भिक अवस्था सार्वजनिक गरी राज्यका निकाय तथा राजनीतिक दलहरूको आवश्यक सक्रियता र जिम्मेवारीका लागि सहयोग प्रदान गर्न सकोस् भन्ने अपेक्षा गरेका छौं।

सन् २०२२ नेपालमा निर्वाचनको वर्षको रूपमा रह्यो। स्थानीय तह, प्रदेश र प्रतिनिधि सभा निर्वाचनमा सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रलगायतका दलहरूले गराएका हिंसात्मक घटनाहरू (बाजुरा, दोलखा, स्याङ्जा, रोल्पा, ताप्लेजुङ, सर्लाही, रुकुमलगायतका जिल्ला) मा राज्यसत्ताको दुरूपयोग भएको देखियो। कानुन कार्यान्वयन गर्ने निकायले गरेको लापरबाहीका कारण पीडितहरूले न्याय पाउन सकेनन् भने विगतमा जस्तै यसपटक पनि नेपाली कांग्रेसलगायतका सत्ताधारी दलले बुथ कब्जा गरी जनमतविरुद्ध बल प्रयोगका घटनाहरूको निरन्तरता भयो।

सरकारको नेतृत्व गर्ने राजनीतिक दलका सांसदहरूले सर्वोच्च अदालतका प्रधानन्यायाधीशविरूद्ध संसदमा दर्ता गरेको महाभियोग प्रस्तावमाथि प्रतिनिधिसभाका सभामुखले गरेको नियोजित ढिलाइले

नेपालको न्यायिक सर्वोच्चतामा गम्भीर धक्का पुगेको र यसले तात्कालिक सरकार शक्ति पृथकीकरणको सिद्धान्तप्रति गम्भीर विचलन प्रकट भएको छ। त्यसका साथै न्यायपालिकाको सर्वोच्च तहमा कार्यरत प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरूमाथि कार्यपालिकासँग स्वार्थ साझेदारी गरेको विषयमा संसद र अदालतले आफ्नो क्षेत्राधिकार अनुसार सरोकार किनारा लगाउन नसक्नुले लोकतन्त्रका आधारभूत मान्यताप्रति संग्लन दल र व्यक्तिहरूको नियोजित षड्यन्त्र प्रकट भएको छ।

अघिल्लो वर्ष सर्वोच्च अदालतको परमादेशबाट गठित शेरबहादुर देउवा नेतृत्वको सरकारलाई सन् २०२२ मा सम्पन्न निर्वाचनपश्चात् विस्थापन गरिएको छ। नेकपा (एमाले) को पहलकदमी र प्रयासमा गठित हालको संयुक्त सरकारले संविधान र जनमतको आज्ञा मुताविक कार्यपालिकाको नेतृत्व गर्न सक्ने विश्वासको सञ्चार भएको छ।

प्रतिनिधिसभाका तत्कालीन सभामुख अग्नि सापकोटाको षड्यन्त्र र गैह्रजिम्मेवारीको दुष्चक्रका कारण राजनीतिक दलको विभाजनलाई प्रोत्साहन भएको महसुस गरी (एमाले)ले यस वर्ष संसदमा खेलेको भूमिकाले नेपालमा लोकतन्त्र र विधिको शासनको प्रवर्धनमा सहयोग पुग्नेछ।

सङ्क्रमणकालीन न्यायका लागि देउवा नेतृत्वको सरकारले प्रस्तुत गरेको कानुन संशोधन प्रस्तावले विस्तृत शान्ति सम्झौता र संवैधानिक मान्यताको उल्लङ्घनको प्रयत्न गरेको थियो।

दैनिक उपभोग्य वस्तुमा अत्यधिक महँगी बढ्यो। तत्कालीन सरकारी नीतिका कारण हरेक उपभोग्य सामग्री र पेट्रोलियम पदार्थको मूल्य इतिहासकै उच्च अङ्कमा पुगेको छ। सार्वजनिक यातायातको भाडा बढेको छ।

सार्वजनिक पूर्वाधार निर्माणमा नेकपा (एमाले) नेतृत्वको सरकारले अगाडि बढाएको योजना अलपत्र पार्ने तत्कालीन सरकारको गतिविधिले विकास र समृद्धिको जनचाहना र अधिकारमा गम्भीर आघात पुगेको हामीले महसुस गरेका छौँ। उपभोक्ताका आधारभूत अधिकारहरू कुण्ठित भएका छन्। परिणामत: मुलुकमा आधारभूत वर्ग झन् पीडादायी अवस्थामा जीवन गुजारा गर्न बाध्य छ।

विकृत, विसङ्गतिपूर्ण र गैरजिम्मेवार सत्तारूढ दलको प्रवृत्तिका कारण संविधानले सुनिश्चितता प्रदान गरेका अधिकारहरू पालना हुन नसक्नु दु:खद् विषय हो। सत्ता र प्रतिपक्ष जहाँ रहँदा पनि नेकपा (एमाले) मानव अधिकारको रक्षा र परिपालनाको अभियानलाई नेतृत्व गरिरहन्छ।

**शंकर पोखरेल**

महासचिव, नेकपा (एमाले)

## नेकपा (माओवादी केन्द्र)

सन् २०२२ को मानव अधिकार सम्बन्धमा यस दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को धारणा निम्नलिखित प्रकरणहरूमा उल्लेख गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

१. नेपाल कम्युनिष्ट पार्टी (माआवादी केन्द्र) मानव अधिकारको रक्षा र संरक्षणमा प्रतिबद्ध छ। विश्वव्यापी मानव अधिकारको घोषणा पत्र, १९४८ तथा मानव जातिको हक अधिकारको संरक्षणको पक्षमा भएका सबै प्रकृतिका घोषणा पत्रलाई यस दलले सम्मान व्यक्त गर्दै, त्यसको पालना र कार्यान्वयनमा प्रतिबद्ध छ।

२. सन् २०२२ मा भएका मानव अधिकार उल्लङ्घनको घटनाहरूप्रति यस दलको गम्भीर सरोकार रहेको र त्यस्तो मानव अधिकार उल्लङ्घनका अन्तर्राष्ट्रिय र नेपालमा भएका घटनाप्रति यस दलले खबरदारी गर्दछ। साथै, मानव अधिकार उल्लङ्घनका घटनाका आरोपित उपर कडा कारबाहीको माग गर्दछ।

३. म्याग्नाकार्टा १२१५ देखि हालसम्म जारी भएको मानव जातिको सम्मानको पक्षमा भएका सबै अधिकार पत्रप्रति यस दलले सम्मान जाहेर गर्दै प्रत्यक मुलुकको संविधानले प्रत्याभूत गरेको नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र न्यायका आधारभूत सिद्धान्तप्रति सम्मान जाहेर गर्न सबैमा हार्दिक आह्वान गर्दछ।

४. नेपालको संविधान जारी भएपछि, नागरिकहरूको हक अधिकारको सुनिश्चितता, सुशासनको प्रत्याभूति र संविधानले परिल्पना गरेको समृद्ध समाजवादको दिशामा अगाडि बढ्न प्रतिबद्धता जनाए मुताविक संविधानको कार्यान्वयनको पक्षमा जे जति कानुन निर्माण हुनुपर्ने थियो हुन सकेको छैन। अन्य राजनीतिक दल तथा सम्बद्ध

पक्षलाई यस विषयमा गम्भीर ध्यानाकर्षण गर्न चाहन्छौँ।

५. गत २०७९ मङ्सिरमा सम्पन्न स्थानीय निर्वाचन तथा गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको सन्दर्भमा यस दलले जारी गरेको प्रतिबद्धता पत्रमा उल्लेखित मानव अधिकारसँग सम्बन्धित विषयहरू कार्यान्वयन गर्न गराउन यस दल प्रतिबद्ध छ।

६ सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै नागरिकको आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक न्याय र सशासन जस्तो विषयमा अझै उल्लेखनीय सुधार हुन सकेको छैन। यस क्षेत्रलाई शून्य सहनशीलताको आधारमा प्रभावकारी परिवर्तन गर्न जरुरी छ।

७ स्वदेश वा विदेशमा बस्ने नागरिकको जीवनयापनलाई सहजीकरण र सरलीकरण गर्दै स्वदेशमै रोजगारीको प्रचुर सम्भावनातर्फ जोड दिन जरुरी छ। आमजनतालाई रोजगारमूलक विकास र समृद्धिमा जोड्नु मानव अधिकारको मुख्य विषय भएको वास्तविकतालाई जोड दिन चाहन्छौँ।

८ शान्ति सम्झौताले तोकेको कार्यहरू क्रमश: सम्पन्न भए पनि सङ्क्रमणकालीन न्याय अन्तरगतका महत्वपूर्ण कार्यहरू सम्पन्न बाँकी भएको र पटकपटक गठन भएका बेपत्ता तथा सत्य निरूपण आयोगलाई कानुन बमोजिम तोकेको कार्य सम्पन्न बाँकी भएकोले यसलाई यथाशक्य निष्कर्षमा पुऱ्याउन सम्पूर्ण राजनीतिक दलहरू तथा सरोकारवालाहरूसँग समन्वय गरी अविलम्ब टुङ्गो लगाउन यस दल जोडदार अपिल गर्दछ।

९ जेल तथा हिरासतमा रहेका बन्दी र थुनुवाहरूको मानोवचित सुविधाहरू प्रदान गर्न सरकार लगायत सम्बन्ध सरकारी निकायसँग विशेष माग गर्दछौँ।

१० बिरामी, घाइते, असहाय, जनयुद्ध, जनआन्दोलनको क्रममा भएको सहिद बेपत्ता र घाइतेहरूलाई सरकारद्वारा उचित सम्मान र क्षतिपूर्ति वापतको रकमहरू तत्काल उपलब्ध गराउन माग गर्दछौँ।

११ मानव अधिकारको क्षेत्र र थुनुवा, नाबालक, वृद्ध, एकल महिला, दलित, असहाय अल्पसङ्ख्यक र पिछडिएको क्षेत्रसँग सम्बन्धित मुद्दा मामिलामा भएको फैसला कार्यान्वयन तत्काल गरी न्यायको अनुभूति दिलाउन विषेश माग गर्दछौँ।

१२ विविध कारणले विदेशिन बाध्य भएका नेपालीहरूलाई स्वदेशमा रोजगारमूलक उद्योग, कलकारखाना र व्यवसायको उचित वातावरण तयार गरी नाबालक छोराछोरी, वृद्ध आमाबुबा तथा घरपरिवारलाई सुखीमय वातावरणमा जीवनयापन गर्ने वातावरण श्रृजना गर्न माग गर्दछौँ।

१३ विश्वमा विद्यमान जलवायु परिवर्तनको कारणले मानव जाति लगायत सम्पूर्ण प्राकृतिक स्रोतमा पर्न गएको प्रभावलाई रोक्न यस विषयमा सम्बद्ध निकायहरूले विशेष योजना बनाई राष्ट्रिय अन्तर्राष्ट्रिय पहल गरी जनजागरण अभियान सञ्चालन गरी वातावरण अनुकूल बनाउन जोड गर्दछौँ।

१४ मानव अधिकारसँग सम्बन्धित सम्पूर्ण विषयमा यस दलको विशेष सरोकार रहेको धारणा सार्वजनिक गर्न चाहन्छौँ।

वर्ष पुस्तक प्रकाशनका लागि इन्सेक परिवारप्रति हार्दिक शुभकामना !

**श्रीराम ढकाल**
मुख्य सचिव